# <u>करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन कार्यविधि, २०८३</u>

**<u>प्रस्तावना</u>** : करदाता प्रोत्साहन उपहार कार्यक्रमलाई सरल, सहज, व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (२) र (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, अर्थ मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : यस कार्यविधिको नाम "करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उपभोक्ता" भन्नाले नेपालभित्र स्वः प्रयोजनका लागि वस्तु वा सेवा खरिद गर्ने अन्तिम उपभोक्ता प्राकृतिक व्यक्ति सम्झनु पर्छ।

(ख) "उपहार" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन गरिने करदाता प्रोत्साहन उपहार सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने करदाता प्रोत्साहन उपहार कार्यक्रम सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले विभाग मातहतका ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय र आन्तरिक राजस्व कार्यालय सम्झनु पर्छ।

(ङ) "प्रणाली" भन्नाले उपहार वितरणको लागि विभागद्वारा सञ्चालित वेब पोर्टल, मोबाइल एप्लिकेशन वा अन्य विद्युतीय प्रणाली सम्झनु पर्छ।

(च) "बीजक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थायी लेखा नम्बर प्राप्त व्यक्तिले जारी गरेको बीजक सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्छ।

(ज) "विद्युतीय भुक्तानी" भन्नाले विद्युतीय भुक्तानी सेवा प्रदायक मार्फत भएको भुक्तानी कारोबार सम्झनु पर्छ।

(झ) "विभाग" भन्नाले आन्तरिक राजस्व विभाग सम्झनु पर्छ।

३. **करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन** : (१) वस्तु तथा सेवा खरिद बिक्रीमा बीजक लिने दिने संस्कृतिको विकास गरी कर अनुपालन अभिवृद्धि गर्न, वास्तविक कारोबार अभिलेखीकरणलाई प्रोत्साहन गर्न र वस्तु तथा सेवा खरिद गर्दा उपभोक्तालाई अनिवार्य रुपमा बीजक लिन उत्प्रेरित गर्न स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको अधीनमा रही करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन गरिनेछ।

(२) विभागले कार्यक्रम सञ्चालन गर्नेछ।

(३) विभागले कार्यक्रम आयोजक (इभेन्ट अर्गनाइजर) छनोट गरी कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी तोक्न सक्नेछ।

४. **सहभागिको योग्यता** : (१) स्वः प्रयोजनका लागि नेपालभित्र एक पटकमा एक सय रुपैयाँ भन्दा बढी मूल्यको वस्तु वा सेवा खरिद गर्ने उपभोक्ता कार्यक्रममा सहभागी हुन योग्य हुनेछ।

(२) प्रत्येक महिनाको एक गतेदेखि सोही महिनाको मसान्तसम्म भएका विद्युतीय भुक्तानीबाट गरिएको खरिद तथा प्रणालीमा प्रविष्ट भएका बीजक सो महिनाको कार्यक्रममा समावेश गरिनेछ।

(३) उपदफा (१) बमोजिम कार्यक्रममा सहभागी हुने प्रत्येक खरिद बीजक र विद्युतीय भुक्तानीबाट गरिएको खरिद बापत प्रणालीबाट एकवटा उपहार टिकट उपलब्ध हुनेछ।

(४) प्रणालीमा प्रविष्ट गरिएको बीजक एक पटकका लागि कार्यक्रममा सहभागी हुन योग्य हुनेछ।

(५) देहायका बीजक कार्यक्रममा सहभागी हुन योग्य हुने छैनन् :-

(क) व्यावसायिक प्रयोजनका लागि भएका खरिद बीजक,

(ख) सरकारी निकाय वा सार्वजनिक संस्थाको नामबाट जारी भएका बीजक,

(घ) टेलिफोन सेवा, इन्टरनेट सेवा, विद्युत, सवारी तथा ढुवानीका साधन, हवाई टिकट खरिद बापतको बीजक, र

(ङ) स्थायी लेखा नम्बर नलिएका व्यक्तिबाट खरिद गरेका बिजक।

(६) एउटै बीजक वा विद्युतीय भुक्तानीबाट गरिएको खरिद एक पटकभन्दा बढी कार्यक्रममा सहभागी गराउन पाइने छैन।

५. **<u>कार्यक्रममा सहभागिताको प्रक्रिया</u>** : (१) भुक्तानी सेवा प्रदायक मार्फत भएको विद्युतीय भुक्तानीबाट गरिएको खरिद कार्यक्रममा स्वतः समावेश हुनेछ।

(२) उपदफा (१) बाहेकका बीजक लिएका योग्य उपभोक्ताले कार्यक्रममा सहभागी हुन चाहेमा बीजक जारी भएको मितिले दफा ६ को उपदफा (२) वा (३) मा उल्लिखित अवधिभित्र प्रणालीमा देहायका विवरण प्रविष्ट गर्नु पर्नेछ :-

(क) बीजक नम्बर,

(ख) बिक्रेताको स्थायी लेखा नम्बर,

(ग) बीजक जारी मिति,

(घ) बीजकमा उल्लेखित कूल रकम,

(ङ) भुक्तानीको प्रकार (नगद वा विद्युतीय),

(च) खरिदकर्ताको नाम, र

(छ) खरिदकर्ताको मोवाइल नम्बर।

(३) प्रणालीमा प्रविष्ट विवरणको प्रणाली मार्फत स्वचालित प्रमाणीकरण गरी योग्य बीजक तथा विद्युतीय भुक्तानीबाट गरिएको खरिदलाई कार्यक्रममा समावेश गरिनेछ।

६. **<u>विजेता उपभोक्ता छनोट</u> :** (१) विभागले प्रत्येक महिनाको एक गते र सोह्र गते विजेता उपभोक्ता छनोट गर्नेछ।

(२) उपदफा (१) बमोजिम एक गते विजेता उपभोक्ता छनोट गर्दा अघिल्लो महिनाको सोह्र गतेदेखि सोही महिनाको मसान्तसम्म कारोबार भएको विवरण प्रणालीमा प्रविष्ट गर्ने उपभोक्ता मध्येबाट छनोट गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सोह्र गते विजेता उपभोक्ता छनोट गर्दा सोही महिनाको एक गतेदेखि पन्ध्र गतेसम्म कारोबार भएको विवरण प्रणालीमा प्रविष्ट गर्ने उपभोक्ता मध्येबाट छनोट गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम कार्यक्रमका सहभागी मध्येबाट स्वचालित प्रणाली मार्फत प्रत्येक दिनको लागि एकजना र पाक्षिक रुपमा एक जना बम्पर विजेता उपभोक्ता छनोट गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पाक्षिक रुपमा एक जना बम्पर विजेता उपभोक्ता छनोट गर्दा उपदफा (२) वा (३) बमोजिमको अवधिमा कार्यक्रममा सहभागी हुने उपभोक्ता मध्येबाट छनोट गर्नु पर्नेछ।

(६) विजेता उपभोक्ता छनोट गर्दा उच्चपदस्थ वा ख्यातिप्राप्त व्यक्ति, विभिन्न निकायका प्रतिनिधि र सञ्चार प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(७) विजेता उपभोक्तालाई निजको मोबाइल नम्बर र इमेलको माध्यमबाट छनोट भएको जानकारी दिनु पर्नेछ।

७. **<u>विजेता उपभोक्ताको नाम सार्वजनिक गर्नु पर्ने</u>** : दफा ६ बमोजिम छनोट भएका विजेता उपभोक्ताको नाम विभागको वेबसाइट र सामाजिक स`ञ्जालको माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

८. **<u>उपहारको रकम</u>** : (१) कार्यक्रममा विजेता उपभोक्तालाई दिइने उपहारको रकम जनही एक लाख तेत्तीस हजार तीन सय चौतीस रुपैयाँ हुनेछ।

(२) पाक्षिक बम्पर उपहार विजेता उपभोक्तालाई दिइने उपहारको रकम दश लाख रुपैयाँ हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिइने उपहारको रकममा आयकर ऐन, २०५८ को दफा ८८क. बमोजिम आकस्मिक लाभ बापतको भुक्तानीमा पच्चीस प्रतिशतका दरले कर कट्टी गरिनेछ।

९. **<u>उपहार प्राप्त गर्ने प्रक्रिया</u>** : (१) उपहार प्राप्तिको लागि विजेता उपभोक्ताले उपहार घोषणा भएको मितिले पन्ध्र दिनभित्र देहायका कागजात सहित नजिकको आन्तरिक राजस्व कार्यालयमा आफै वा वारेसमार्फत निवेदन दिनु पर्नेछ :-

(क) सक्कल बीजक,

(ख) राष्ट्रिय परिचयपत्र, नागरिकता प्रमाणपत्र, राहादानी, सवारी साधन अनुमतिपत्र वा यस्तै अन्य आधिकारिक परिचयपत्रको प्रतिलिपि,

(ग) बैंक खाताको विवरण, र

(घ) स्थायी लेखा नम्बर।

(२) उपदफा (१) बमोजिम पेश गरिएका कागजात तथा विवरण दश दिनभित्र आवश्यक जाँचबुझ गरी उपहार वितरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएका कागजात जाँचबुझ गर्दा झुट्टा, नक्कली वा किर्ते प्रमाणित भएमा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई प्रचलित कानूनबमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(४) दफा ८ बमोजिमको उपहार रकम विजेता उपभोक्ताले उपलब्ध गराएको बैंक खातामा विभाग मार्फत सोझै भुक्तानी गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको अवधिभित्र आवश्यक कागजात सहित उपहार दाबी गर्न नआउने विजेता उपभोक्ताको उपहार रकम प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा जम्मा गरिनेछ।

१०. **प्रचार-प्रसार गर्नुपर्ने** : विभागले आफू मातहतका कार्यालय र अन्य सञ्चारका माध्यमबाट कार्यक्रमको प्रचार-प्रसार गर्नु पर्नेछ।

११. **बाधा अड्काउ फुकाउन सक्ने** : यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।